फोन नं. ०७९-५२०१५०
फोन/फ्याक्स नं. ५२०४५३

# रेसुङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्याल
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७७/०७८
च.नं. १३६९

मिति : २०७७/१२/१९

श्री वडा कार्यालय,
सबै ।

**विषय : तालिममा सहभागी छनौट गरि पठाइदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा रेसुङ्गा नगरपालिकाको आ.व.२०७७।०७८ को स्वीकृत लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम अर्न्तगत महिला, बालबालिका, तथा समाज कल्याण शाखाको आयोजनामा सञ्चालन हुने सीपविकास तालिम हेयर कटिङ नगरपालिका स्तर तालिममा सामाजिक विकास समितिको मिति २०७७।१२।०१ गतेको निर्णय अनुसार रेसुङ्गा नगरपालिकाका १२ वटा वडा बाट १।१ जना र वडा नं. १० र वडा नं. १४ बाट २।२ जना गरी जम्मा १६ जनालाई निःशुल्क तालिम दिईने भएकाले तहा आ-आफ्नो वडाबाट सहभागी छनौट गरी पठाउनु हुनको लागि अनुरोध छ ।

उद्घाटन मिति : २०७७/१२/२४ गते मंगलबार
**स्थान : रेसुङ्गा नगरपालिकाको कार्यालय, खानीगाउँ , तम्घास ,गुल्मी**
**समय : बिहान ठिक १०:३० बजेदेखि ।**

साथै थप जानकारी यसै पत्र साथ संलग्न गरी पठाएको जानकारी गराउछौं ।

**बोधार्थ**

सूचना तथा प्रविधि शाखा , रेसुङ्गा नगरपालिकाको -Web site मा अपलोड गरिदिनु हुन ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकिय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner

## सिप विकास तालिम हेयर कटिङ्ग बारे जानकारी

- मिति २०७७-१२-२४ गतेदेखि २०७७-०१-०८ गतेसम्म तालिम सञ्चालन गरिनेछ ।
- तालिम निःशुल्क हुनेछ ।
- यस तालिममा सिप सिक्नका लागि सक्रिय रुपमा सहभागी हुने इच्छा भएका विवाहित महिला हुनुपर्नेछ ।
- सहभागी हुने महिला कम्तिमा पनि उमेर २० वर्ष पुरा गरि ४० वर्ष ननाघेको हुनुपर्ने छ ।
- सहभागीले यसभन्दा अगाडिका कुनैपनि तालिममा सहभागी हुन नपाएको साथै आर्थीक रुपमा पछाडी परेको लाई प्राथमिकता दिनुपर्नेछ ।
- सहभागीहरुलाई यातायात तथा खाजाको व्यवस्था गरिने छ ।
- यो तालिम पाईसके पछि सहभागीहरुले आ-आफ्नो वडामा गई अनिवार्य व्यवसायी बन्नु पर्ने छ ।
- सहभागी सम्बन्धित वडाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

**नोट : सहभागी छनौट गरिसकेपछि सहभागिको नागरिकताको प्रतिलिपि,वडा कार्यालयले सहभागी हुन पठाएको पत्र सँगै लिएर आउनु पर्नेछ**

**थप जानकारीको लागि महिला ,बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको सम्पर्क नं. ०७९५२०४०७ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner